प्रदेश सरकार

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली

बिषयः साना ढुवानी साधन (Ambulatory Van) **अनुदानका लागी आपूर्तिकर्ताबाट सिलवन्दी बोलपत्र आव्हान सम्वन्धी सूचना।**

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२७

यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७६ अनुसार **कृषि एम्बुलेटरी भ्यान** कार्यक्रम संचालन गर्न ५० प्रतिशत अनुदानमा तपशिल वमोजिमका साना ढुवानी साधन (Ambulatory Van) अनुदानमा वितरण गर्नुपर्ने भएकाले के कति दरभाउमा आपूर्ति गराउन सकिने हो ? सो सम्वन्धी वोलपत्र प्रस्ताव पेश गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्वन्धित कानूनको परिधि भित्र रही आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त सवारी साधन विक्रेता ले कार्यविधिको अनुसुची ३ अनुसारको फाराम भरी यो सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको १२.०० वजे भित्र र उक्त दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन यस निर्देशनालयमा शिलवन्दी वोलपत्र प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले पच्चिशौ दिन (मिति २०८१/०१/ २१) मा Pre-Proposal Clarification Meeting हुनेछ, साथै उक्त वैठक संचालन नभएमा पनि यस सूचनालाई कुनै वाधा हुने छैन ।

सामग्रीहरुको विवरणः

1. **Petrol Engine Three-wheeler Cargo**
2. **Diesel Engine Three-Wheeler Cargo**
3. **Three-Wheeler Electric Cargo**

आवश्यक शर्त तथा कागजातहरुः

१. दरभाउ पेश गर्दा रु. १० को टिकट टाँस गरी निवेदन साथ फर्म दर्ता प्रमाण-पत्र, संस्था नविकरण प्रमाण पत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र, पछिल्लो ३ आ.व.को लेखा परिक्षण प्रतिवेदन, आ.व. ०७९/०८० को करचुक्ता प्रमाण-पत्र वा आन्तरिक राजश्व कार्यालयबाट म्याद थप भएको पत्र, फर्मको व्यवसाय ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र, आधिकारीक डिलरको वा सर्भिस सेन्टरको संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित (नोटरी पव्लीकबाट) प्रतिलिपिहरु संलग्न राखी पेश गर्नु पर्नेछ ।

२. प्रस्ताव फारममा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रुपैयाँ प्रति ईकाइ मुल्य दर अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३. आपुर्तिकर्ताले आपुर्ति गर्न खोजेको कृषि एम्बुलेटरी भ्यानको प्रत्येक मोडेल र व्राण्डहरुको आधिकारीक टेष्ट रिपोर्टको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. प्रस्ताव साथ भ्यान उत्पादक कम्पनीको आधिकारीक विक्रेता तथा एजेन्ट (Authorized Agent)/डिलरसिप रहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ।

५. कृषि औजार उपकरणहरुको Specification, व्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue, Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्ला सदरमुकाम स्थित कृषि ज्ञान केन्द्र सम्म स्विकृत साना ढुवानी साधन (Ambulatory Van) को परिमाण पुरयाउने जिम्मेवारी आपुर्तिकर्ताको हुनेछ ।

७. पेश भएका प्रस्तावहरु यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको दिउसो २.०० वजे यस मन्त्रालयमा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर प्रस्तावदाता प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै वाधा पर्ने छैन ।

८. यो सूचना वमोजिम उपलब्ध गराउने साना ढुवानी साधन (Ambulatory Van) हरुको कुल मुल्यको २.५% हुन आउने रकमको क वर्गको वाणिज्य वैंक वाट जारी भई २०८१ श्रावण मसान्त सम्म म्याद भएको वैक ग्यारेन्टी वा सो वरावरको रकम नगद धरौटी प्रदेश लेखा नियन्त्रक कार्यालय कैलालीको एकल धरौटी खाता ४१७०१००२०२०३०००० मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ ।

९. सूचना प्रकाशित भई सके पछि यदि कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ संसोधन तथा परिमार्जन भएमा संसोधित कार्यविधि वमोजिम कार्यक्रम संचालन गरिनेछ ।

१०. प्रचलित कानुन र शर्त अनुसार प्रस्ताव आंशिक वा पुर्ण रुपमा स्विकृत वा अस्विकृत गर्ने अधिकार यस मन्त्रालयमा रहनेछ ।

११. अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. आवश्यक अनुसुची, Specification यस मन्त्रालयको वेवसाइट molmac.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

(डा मदन सिंह धामी)

डा.मदन सिंह धामी
प्रदेश सचिव